**कोहलपुर नगरपालिका नगर कार्यपालिकाको चालू आ.व. २०७५/०७६ को लागि स्वीकृत आर्थिक विकास तर्फ अन्तर्गत छाडा पशु चौपाया नियन्त्रण कार्यक्रम कार्यान्वयन गर्न सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

**१. कार्यक्रमको पृष्ठभूमी :** यस नगरपालिकाको आ.व.२०७५/०७६ को नगर सभाबाट स्वीकृत छाडा पशु चौपाया नियन्त्रण कार्यक्रम नगरपालिका क्षेत्रमा संचालन गरी छाडा पशु चौपायाबाट हुने दुर्घटना तथा कृषि बालिनालीको संरक्षण गर्ने तथा कोहलपुर नगरपालिकालाई छाडा चौपाया मुक्तक्षेत्र बनाउने कार्य अर्न्तगत ईच्छुक स्थानीय समुह,संघ-संस्था,फार्म,कम्पनी,निजि क्षेत्र तथा सेवा प्रदायक संस्थाहरुको छनौट गरी यस कार्यक्रम कार्यान्वयन गर्न सक्ने अनुभवी, योग्य तथा क्षमता भएका सेवा प्रदायक संस्थाहरु छनौटको लागी यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

**सेवा प्रदायक संस्थाको संस्थागत योग्यता तथा ज्ञान सिपको विवरण :**

- प्रस्ताव पेश गर्न आव्हान गरीएको सूचना वमोजिम योग्य भएको ।
- सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- प्रस्ताबित कार्य गर्न आवश्यक पर्ने भौतिक सुविधा, जनशक्ति र उपकरण भएको ।
- आर्थिक रुपले सक्षम रहेको ।
- यस भन्दा पहिले यस्तै प्रकृतिका कामहरु गरेको ।
- यस नगरपालिकामा संस्था वा आफ्नो व्यवसाय दर्ता गरेको ।

**२. कार्यक्षेत्र :** कोहलपुर नगरपालिका वडा नं.०१ देखि १५ सम्म ।

**३. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सेवा प्रदायक संस्थाले नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण छाडा चौपायाहरुको नियन्त्रण तथा व्यवस्थापन गर्नुपर्ने जस्मा छाडा चौपायाको बास,दानापानी,घाईतेको उपचार,ढुवानी लगाएतका सबै कामहरु गर्नुपर्ने ।
- नगरपालिका र वडा कार्यालय संग नियमित रुपमा सम्पर्क र समन्वयमा रही छाडाचौपायाको नियन्त्रण,व्यवस्थापन तथा ढुवानी ओसार पसार गर्नुपर्ने ।
- छाडा चौपाया सम्बन्धित सेवा प्रदायक निकायले जिम्मा लिनु पूर्व अनिवार्य रुपमा वडा कार्यालय वा नगरपालिकाको कार्यालयबाट प्रमाणिकरण गराएर मात्र लिनुपर्ने छ ।
- सेवा प्रदायक संस्थाले नगरपालिकाको कुनै स्थानमा तत्काल चौपाया राख्नका लागि होल्डिङ्ग सेन्टर,हेरालु तथा दानापानीको आवश्यक प्रबन्ध गर्नुको साथै नगरपालिका क्षेत्रभित्रका छाडा पशु चौपायाहरु लाई न.पा.क्षेत्र भन्दा अन्यत्र लैजानु पर्ने भएमा नगरपालिका संग आवश्यक समन्वय गरि गर्नु पर्नेछ ।

**४.प्रस्तावको ढाँचा :**

**क) प्राविधिक प्रस्ताव :**

तल उल्लेख गरिएका विषयहरुका बारेमा विवरण पेश गर्नुहोला ।

क. सेवा प्रदायक संस्थाको पृष्ठभूमि :

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

ख. सेवा प्रदायक संस्थाको उद्देश्य, नीति तथा कार्यअनुभव

ग: कार्यक्रमको लक्ष्य उदेश्यहरु

घ. सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु :

ङ. कार्यक्रम कार्यान्वयनको कार्यतालिका :

च. मुल्यांकन अनुगमन तथा सुपरिवेक्षण

छ. कार्यक्रमको दिगोपना

ज. सेवा प्रदायक संस्थाको विद्यमान जनशक्तिको विवरण, योग्यता र अनुभव :

झ.सेवा प्रदायक सस्थाको आफ्नो भौतिक पुर्वाधारको अवस्था :

**ख) वित्तिय प्रस्ताव :**

**वित्तीय प्रस्तावको ढाँचा**

| सि.न. | विवरण | कोहलपुर नगरपालिकाले ब्यहोर्ने लागत रकम ( मू..अ.कर बाहेक ) | | संस्थाले योगदान दिने लागत रकम | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | उप जम्मा | | | | |
| | मुल्य अभिबृद्धि कर १३ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |

**५. प्रस्ताव मूल्यांकन गर्ने तरिका** : प्राप्त भएका प्रस्ताहरुको मूल्याङ्कन प्राविधिक तथा आर्थिक प्रस्तावनाको आधारमा गरिनेछ ।

**६.आवश्यक काँगजातहरु :**

१) जिल्ला स्थित सरकारी निकाय,कम्पनी तथा यस नगरपालिकामा व्यवसाय दर्ता र नविकरण भएको (२) क्षेत्रगत कार्यको अनुभव भएको (३) आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको (४) नियमानुसार वार्षिक नविकरण गरेको (५) आ.व.२०७४।०७५ सम्मको लेखा परिक्षण सम्पन्न गरेको प्रतिवेदन (६) आ.व.:-२०७४।०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलीपी (कर चुक्ता गर्नु नपर्ने संस्थाले विवरण पेश गरेको प्रतीलीपी (७) नगरपालिकामा बुझाउनु पर्ने सबै प्रकारका कर चुक्ता गरेको (०८) काम गरेको अनुभव पत्र (०९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष वा संचालक स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको (१०) प्रकाशित भएको सूचना तथा कार्यक्षेत्रगत शर्त **ToR** मा उल्लेख भएका विषयको अधिनमा रही साझेदारीमा (Joint Venture) मा कामगर्न चाहेमा बढिमा २ वटा सेवा प्रदायक संस्थाहरु मिलेर प्रस्ताव पेश गर्न सक्नेछन तर कुन सेवा प्रदायक संस्थाले नेतृत्व गर्ने

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

हो सो व्यहोरा साझेदार गर्ने सेवा प्रदायक संस्थाले स्पष्ट रुपमा आफ्नो संस्थाको लेटरप्याडमा खुलाई अध्यक्ष वा प्रमुखले दस्तखत गरी छाप समेत लगाई प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ (११) यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन तथा आर्थिक प्रशासन नियमावली बमोजिम हुनेछ (१२) प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खामवन्दी गरी एकैसाथ खामवन्दी गरी पेश गर्नुपर्नेछ । (१३) प्रस्तावदाताहरुले नगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ला रहने दिनमा प्रस्ताव पेश गर्न पाईने छ । (१४) सवै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजाको सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ (१५) दर्ता भएका सवै प्रस्ताव २०७६ जेठ ०१ गते कार्यालय समय भित्रमा प्रस्तावकको रोहवरमा खोलिनेछ र प्रस्तावदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन, (१६) छनौटमा परेका संस्थाहरुसंग कार्यक्रम संचालन सम्बन्धि सम्झौता गर्दा स्रोतको अवस्थालाई मध्यनजर गरी गर्न सकिने अधिकार कोहलपुर नगरपालिका संग सुरक्षित रहनेछ । (१७) प्रकाशित सूचना यस कार्यालयको सूचना पाटीमा पनि हेर्न सकिनेछ । **थप जानकारीका लागि** कोहलपुर नगरपालिका कार्यालयको वेवसाईट : www.kohalpurmun.gov.np हेर्न तथा नगर कार्यपालिकाको कार्यालबाट समेत बुझ्न सकिने छ ।

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)